# सुस्ता गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कुडिया, नवलपरासी(ब.सु.प.)
## लुम्बिनी प्रदेश, नेपाल ।

### आय ठेक्काको सिलबन्दी दरभाउपत्र आवहान सम्बन्धि ५ ( पाँच) दिने सुचना

प्रथम पटक सुचना प्रकाशित मिति २०७९।१०।१९

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५९ तथा गाउँकार्यपालिकाको मिति २०७९।१०।१९ को ८ औं बैठकको निर्णय बमोजिम यस गाउँपालिका अन्तरगत देहायको शिर्षकमा ठेक्का बन्दोबस्त गर्नु परेको हुदा तपसिल बमोजिमका शर्तहरुको अधिनमा रहने गरी ईच्छुक व्यक्ति वा फर्मबाट गोप्य सिलबन्दी दरभाउपत्र आवहान गरिन्छ ।

तपसिल

| ठेक्का न. | आय ठेक्काको नाम | न्यनतम अंक रु |
|---|---|---|
| आय-६/०७९।०८० | मदारबाबा मेला अवधि को सवारी तथा व्यवसाय कर , सुस्ता २ महलबारी | ५००००० ( पाँचलाख मात्र) मुल्य अभिबृद्धि कर बाहेक |

**शर्तहरु**

१) सिलबन्दी दरभाउपत्रको फाराम यो सुचना प्रकाशन भएको मितिले ५ दिन सम्म कार्यालय समय भित्र कार्यालयको राजश्व शाखा बाट रु १००० (फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिनेछ । यसका लागी नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी तथा फर्मको हकमा फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपी, आन्तरिक राजश्व कार्यालय दर्ता प्रमाणपत्रको प्रतिलिपी, आ.ब. ०७८।०७९ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी संलग्न गरि निबेदन दिनु पर्ने छ ।

२) न्युनतम अंक माथी उल्लेख गरिए बमोजिम हुने छ । उक्त अंकमा मुल्य अभिबृद्धि कर समाबेश गरिएको छैन ।

३) कबोल रकम र धरौटी रकम अंक र अक्षर दुबैमा स्पष्ट बुझिने गरी उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

४) सिलबन्दी दरभाउपत्र साथ आफुले कबोल गरेको अंकको ५% ले हुन आउने रकम यस कार्यालयको एन.एम.वि.बैक , कुडिया शाखामा रहेको धरौटी खाता न. १०५००८५४८९८०००४४ मा जम्मा गरेको सक्कलै भौचर वा सिलबन्दी खाम भित्र नगदै संलग्न गर्नु पर्ने छ ।

५) यो सुचना प्रकाशित भएको मितिले ६ औं दिन दिनको १२.०० बजे भित्र यस कार्यालयमा दरभाउपत्र दर्ता गराई सक्नु पर्नेछ । सोहि दिनको २.०० बजे यसै कार्यालयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधी को उपस्थितीमा दरभाउपत्र खोलिने छ । प्रतिनिधी उपस्थित नभए पनि नियमानुसार सोहि समयमा दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

प्रमुख प्रशासकिय अधिकृत

६) दरभाउपत्र खरिद र दर्ता मितिका दिन सार्बजनिक विदा परेमा सोको भोलि पल्ट वा कार्यालय खुलेको दिन खरिद तथा दर्ता गर्न सकिने छ।

७) कार्यालयबाट प्रमाणित नभएको र रीत नपुगेको र म्याद नाघी आएको दरभाउपत्रलाई मान्यता दिईने छैन।

८) ठेक्काको अवधि २०७९।१०।२७ गते देखि २०७९।११।०५ गते सम्म हुनेछ। सम्झौताका शर्त उल्लंघन भएमा कार्यालयले विचैमा ठेक्का तोडन पनि सक्नेछ। यसरी ठेक्का तोडिएमा सो अवधि सम्मको बुझाउनु पर्ने दायित्वबाट उन्मुक्ति पाईने छैन उक्त रकम कार्यालयले सरकारी बाँकी सरह असुल उपर गर्ने छ।

९) सवारीकर तथा व्यवसायकर संकलन गर्नको लागि आवश्यक जनशक्तिको व्यवस्था एवं अन्य प्रबन्ध ठेकेदार स्वयमले गर्नु पर्ने छ।

१०) ठेक्का सदर गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ।

११)ठेक्का स्वीकृत भए पछि कुनै किसिमको फेर बदल वा मिनाहा छुट हुने छैन।

१२) ठेक्का सदर भएको मितिले ३ (तिन) दिन भित्र कबोल गरेको रकम र सोको मुल्य अभिबृद्धि कर बापतको रकम एकमुष्ट रुपमा बुझाई पट्टा लिई सक्नु पर्ने छ। यदि ३ (तिन) दिन भित्र पट्टा नउठाएमा धरौटी रकम जफत गरि सार्बजनिक खरिद ऐन २०६३ र सार्बजनिक खरिद नियमावली २०६४ बमोजिम हुने छ।

१३ सवारीकर तथा व्यवसाय करको दर रेट सुस्ता गाउँपालिकाको आर्थिक ऐन ,२०७९ अनुसार हुनेछ। ( सवारी कर उठाउदा सुस्ता गाउँपालिका भित्र दर्ता भएका अटो रिक्साबाट सवारी कर उठाउन पाईने छैन)

१४) अन्य जानकारीको लागि गाउँकार्यपालिकाको कार्यालय वा फोन न. ०७८-५०६००१ मा सम्पर्क गर्नु होला।

२०७९/१०/१९

बुद्ध प्रकाश पौडेल
प्रमुख प्रशासकिय अधिकृत